म.जि.प्र.का दर्ता नः
१०४/०६७/०६८

समृद्धि प्रकाशन प्रा. लि.
हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

समृद्ध समाज
SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१५ अङ्क:- ६५ २०८० माघ ९ गते मंगलबार 23 January 2024, Tuesday - पृष्ठ ४ मूल्य रू. ५/-

खैरो हिरोइनसहित परियार पक्राउ

हेटौंडाः मकवानपुर प्रहरीले लागुऔषध खैरो हिरोइनसहित एकजनालाई पक्राउ गरेको छ । पक्राउ पर्नेमा काठमाडौंको बागेस्वरी नगरपालिका-७, थलीका २१ वर्षीय उमेश परियार रहेको जिल्ला प्रहरी कार्यालय मकवानपुरले जानकारी दिएको छ ।

आइतबार दिउँसो पूर्व-पश्चिम राजमार्गअन्तर्गत हेटौंडा-१५, रातोमाटे पिपल चौताराबाट खटिएको सुरक्षाजाँच टोलीले बीरगन्जबाट हेटौंडातर्फ आउँदै गरेको ना १ ज ६१५५ नम्बरको सुमोमा सवार परियारलाई प्रहरीले पक्राउ गरेको हो । गाडीमा सवार परियारको साथबाट प्रहरीले लागुऔषध खैरो हिरोईन २५ ग्राम र एक सय मिलिग्राम फेला परेको हो । लागुऔषध खैरो हिरोइनसहित परियारलाई नियन्त्रणमा लिई अनुसन्धान कार्य भइरहेको प्रहरीले जनाएको छ ।

६ महिनामा सवारी दुर्घटनामा परी ३२ जनाको मृत्यु

समग्रमा हेर्दा ३ वर्षको विवरणमा सवारी दुर्घटना, दुर्घटनामा मृत्यु हुने मानिसको संख्या उस्तै नै देखिएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले सवारी दुर्घटना न्यूनीकरणका लागि विभिन्न कार्यक्रम गर्दै आए पनि सवारी दुर्घटना खासै घटेको छैन । मोटरसाइकल सबैभन्दा धेरै दुर्घटना हुने साधनमा परेको छ ।

समाज संवाददाता

हेटौंडाः मकवानपुरका विभिन्न स्थानमा सवारी दुर्घटनामा परी ६ महिनामा ३२ जनाको मृत्यु भएको छ। चालु आर्थिक वर्ष २०८०/०८१ को पहिलो ६ महिनाको अवधिमा विभिन्न घटनामा ३२ जनाको ज्यान गएको हो ।

साना-ठूला गरी १ सय १० घटनामा १ सय ४४ वटा सवारी दुर्घटनामा परेका थिए । दुर्घटनामा ५० जना मानिस गम्भीर घाइते भएका थिए भने १८२ जना मानिस सामान्य घाइते भएका थिए ।

चालु आर्थिक वर्षको साउन महिनामा ट्रक २ वटा, जिप एउटा, मोटरसाइकल ९ वटा र अन्य एउटा गरी १३ वटा सवारी दुर्घटना भएको थियो । जसमा ३ जना पुरुषको मृत्यु भएको थियो । साउनमा ४ जना पुरुष गम्भीर घाइते भएका थिए भने ५ जना पुरुष, एक जना बालक एक जना बालिका गरी ७ जना सामान्य घाइते भएका थिए ।

भदौ महिनामा १४ वटा सवारी दुर्घटना भएको थियो । ट्रक ४ वटा, जिप २ वटा, मोटरसाइकल ७ वटा गरी १४ वटा सवारी दुर्घटना भएको हो । जसमा एक जना पुरुषको मृत्यु भएको थियो, भने ३ जना पुरुष र एक जना महिला गरी ४ गम्भिर घाइते भएका थिए । भदौमा भएको सवारी दुर्घटनामा ११ जना पुरुष र एक जना महिला गरी १२ जना सामान्य घाइते भएका थिए ।

असोज महिनामा ट्रक ५ वटा, ट्रिपर एउटा, बस एउटा, जिप ३ वटा, मोटरसाइकल ९ वटा र ट्याक्टर २ वटा, टेम्पो २ वटा र अन्य एउटा गरी २४ वटा सवारी दुर्घटना भएको थियो । जसमा ५ जना पुरुष र एक महिलाको मृत्यु भएको थियो, भने ८ जना पुरुष, २ जना महिला र एक बालिका गरी ११ जना गम्भीर घाइते भएका थिए । असोजमा सवारी दुर्घटनामा परी १६ जना पुरुष, १० जना महिला, ५ जना बालक र २ जना बालिका गरी ३३ जना सामान्य घाइते भएका थिए ।

यस्तै, कात्तिक महिनामा ट्रक ३ वटा, बस ३ वटा, जिप ५ वटा, मोटरसाइकल १८ वटा, टेम्पो ४ वटा र अन्य एउटा गरी ३४ वटा सवारी दुर्घटना भएको थियो । जसमा ६ जना पुरुष र एक महिलाको मृत्यु भएको थियो, भने १० जना पुरुष, ८ जना महिला, एक बालक र २ बालिका गरी २१ जना गम्भीर घाइते भएका थिए । उक्त महिनामा ३४ जना पुरुष, २५ जना महिला, ५ जना बालक, ९ जना बालिका गरी ७३ जना सामान्य घाइते भएका थिए ।

मंसिर महिनामा ट्रक २ वटा, बस ३ वटा, जिप ४ वटा, मोटरसाइकल १५ वटा र ट्याक्टर २ वटा, टेम्पो एउटा र अन्य एउटा गरी २८ वटा सवारी दुर्घटना भएको थियो । जसमा ५ जना पुरुष, ५ जना महिला, एक बालक र एक बालिका गरी १२ जनाको मृत्यु भएको थियो भने, ३ जना पुरुष, एक महिला, एक बालक र एक बालिका गरी ६ जना गम्भीर घाइते भएका थिए । मंसिर महिनामा सवारी दुर्घटनामा १३ जना पुरुष, ३ जना महिला, एक जना बालक र एक जना बालिका गरी १८ जना सामान्य घाइते भएका थिए ।

पुस महिनामा ट्रक ३ वटा, ट्रिपर ३ वटा, जिप २ वटा, मोटरसाइकल १९ वटा र ट्याक्टर एउटा र टेम्पो एउटा गरी २९ वटा सवारी दुर्घटना भएको थियो । जसमा ३ जना पुरुषको मृत्यु भएको थियो, भने ४ जना पुरुष गम्भीर घाइते भएका थिए । पुस महिनामा भएको सवारी दुर्घटनामा २० जना पुरुष, ६ जना महिला, १० जना बालक र ३ जना बालिका गरी ३९ जना सामान्य घाइते भएका थिए ।

आर्थिक वर्ष २०७८/०७९ को पुस मसान्तसम्म २ सय ९ वटा सवारी साधन दुर्घटना भएकोमा २९ जनाको मृत्यु भएको थियो । एक सय १ जना मानिस गम्भीर घाइते भएका थिए भने २ सय ५४ जना मानिस सामान्य घाइते भएका थिए । गत आर्थिक वर्ष २०७९/०८० को पुस मसान्तसम्म एक सय ६६ वटा सवारी साधन दुर्घटना भएकोमा ३२ जनाको मृत्यु भएको थियो । एक सय २३ जना मानिस गम्भीर घाइते भएका थिए भने एक सय ९८ जना मानिस सामान्य घाइते भएका थिए ।

समग्रमा हेर्दा ३ वर्षको विवरणमा सवारी दुर्घटना, दुर्घटनामा मृत्यु हुने मानिसको संख्या उस्तै नै देखिएको छ । जिल्ला ट्राफिक प्रहरी कार्यालय मकवानपुरले सवारी दुर्घटना न्यूनीकरणका लागि विभिन्न कार्यक्रम गर्दै आए पनि सवारी दुर्घटना खासै घटेको छैन । मोटरसाइकल सबैभन्दा धेरै दुर्घटना हुने साधनमा परेको छ । मादक पदार्थ र लागू पदार्थ सेवन गरी सवारी साधन चलाउँदा धैरै दुर्घटना हुने गरेको प्रहरीको दाबी छ ।

छैठौं बागमती गोल्डकप फागुन १ गतेदेखि

छैठौं बागमती गोल्डकप-२०८०
पत्रकार सम्मेलन

प्रतियोगिताबारे जानकारी गराउनुहुँदै गाउँ खेलकुद विकास समितिका अध्यक्ष टिकालाल श्रेष्ठ ।

समाज संवाददाता

बागमतीः छैठौं संस्करणको बागमती गोल्डकप आगामी फागुन १ गतेदेखि सुरु हुने भएको छ । सोमबार पत्रकार सम्मेलनको आयोजना गर्दै आयोजक बागमती खेलकुद विकास समितिले प्रतियोगिताबारे जानकारी गराएको हो ।

प्रतियोगितामा ६ वटा ए डिभिजन क्लब, ३ मोफसल र एक विदेशी टोलीको सहभागिता रहने बागमती गाउँपालिकाको खेलकुद विकास समितिका अध्यक्ष टिकालाल श्रेष्ठले जानकारी गराउनुभयो । प्रतियोगितामा ६९ लाख ६० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको अध्यक्ष श्रेष्ठले बताउनुभयो । गत संस्करण ए डिभिजन क्लब संकटालाई हराउँदै विदेशी टोलि एफसी भुटनिज स्पोर्टस् क्लबले उपाधि जितेको थियो । यो संस्करणमा भुटनिज भने सहभागी नहुने जनाएको छ । फागुन १० गते सप्पन्न हुने प्रतियोगिताको विजेता टिमले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने उपविजेता टिमले ५ लाख रुपैयाँ प्राप्त गर्नेछ ।

पत्रकार सम्मेलनमा बोल्नुहुँदै बागमती गाउँपालिकाका अध्यक्ष सर्केश घलानले स्थानीय तहले खेलाडी उत्पादन गर्न लगानी गरेको बताउनुभयो। पालिकाले बाहिर भएका प्रतिभालाई पनि प्रदर्शन गर्न राष्ट्रियस्तरको प्रतियोगिता आयोजना गरेको बताउनुभयो । पालिकाले अहिले खेलाडी उत्पादनका लागि सबै वडामा खेलमैदान निर्माण गरेको उहाँले बताउनुभयो । पालिकामा राष्ट्रियस्तरको रंगशाला निर्माण गर्ने चरणमा रहेको बताउनुहुँदै उहाँले युवाहरुले खेलेरै जिविकोपार्जन गर्न सकिने वातावरण बन्ने बनाउनुभयो । यसका लागि सरकार मात्रै लागेर सम्भव नहुने बताउनुहुँदै उहाँले सबै अभिभावक र खेलाडीको पनि भूमिका रहने बताउनुभयो । पालिकाले खेलाडीहरुलाई व्यवस्थित रुपमा प्रशिक्षणको वातावरण तयार गर्ने योजना बनाइरहेको उहाँले बताउनुभयो ।

पत्रकार सम्मेलनमा बागमती गाउँपालिकाको ३ नम्बर वडा अध्यक्ष कमानसिं पाख्रिन, ४ नम्बर वडा अध्यक्ष दन्तलाल माझी, पालिकाका प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलान, मकवानपुर जिल्ला फुटबल संघका वरिष्ठ उपाध्यक्ष अरुण बलको आतिथ्य रहेको थियो ।

गुण नियन्त्रण कार्यालय हेटौंडाका प्रमुख डा. श्रेष्ठमाथि हातपात

समाज संवाददाता

हेटौंडाः खाद्य प्रविधि तथा गुण नियन्त्रण कार्यालय हेटौंडाका प्रमुख डा. क्षितिज श्रेष्ठमाथि हातपात भएको छ । कार्यकक्षमै रहेको समयमा श्रेष्ठमाथि आइतबार दिउँसो हातपात भएको जिल्ला प्रहरी कार्यालय मकवापुरका प्रहरी प्रवक्ता लक्ष्मी भण्डारीले जानकारी दिनुभयो ।

श्रेष्ठले आफूमाथि हातपात भएको भनि मकवानपुर प्रहरीमा जाहेरी दिएका थिए । श्रेष्ठले हेटौंडा-४ का रमेश पोडेसहित ४ जनाविरुद्ध जाहेरी दिएको प्रवक्ता भण्डारीले बताउनुभयो । आरोपित पोडेलाई पक्राउ गरी ७ दिन हिरासतमा राखेर अनुसन्धान गर्न जिल्ला अदालत मकवानपुरबाट म्याद थप गरिएको उहाँले बताउनुभयो । अन्य ३ जनको खोजी कार्य भइरहेको बताउँदै उहाँले भन्नुभयो, 'विवादको कारण खुल्न बाँकी रहेको छ, हामस्ले सोधपुछ गरिरहेका छौं, अन्यको खोजी कार्य भइरहेको छ ।'

ROYAL ENFIELD
WINTER SERVICE CAMP
(21st - 25th) Jan 2024
(7th - 11th) Magh 2080
FREE LABOUR CHARGE
10% DISCOUNT ON SPARE PARTS AND LUBRICANTS
10% DISCOUNT ON GEARS AND GMA
OM AUTOMOBILES - HETAUDA
CONTACT : 9801089174/9802596032

Little Buddy®
International Preschool
WE ARE HIRING
JOIN OUR TEAM
Open Position
PRESCHOOL TEACHER
- Qualification
✓ Must have an experience with Preschool Curriculum.
✓ Must have at least 1 years working experience in the field of teaching.
TRAINEE TEACHER
- Qualification
✓ +2 Above
✓ Freshers can apply.
For Interview Call: 057-520109

सम्पादकीय

राजतन्त्रको हाउगुजी

विसं १८२५ मा गोरखाका राजा पृथ्वीनारायण शाहले कान्तिपुरमाथि विजयी प्राप्त गरेपछि औपचारिकरुपमा नेपालमा शाहवंशीय राजाको शासन सुरु भएको मानिन्छ । पृथ्वीनारायण शाहले नेपाल एकीकरणको सुरुवात गरेर साना-साना राज्यहरुलाई गाभ्दै विशाल नेपाल निर्माण अघि बढाएका थिए । उनको अभियानलाई उनका उत्तराधिकारीहरुले निरन्तरता दिँदै जाँदा नेपालको सिमाना पूर्वमा टिष्टा नदीदेखि पश्चिममा सतलज नदीसम्म फैलियो । नेपाल एकीकरण अभियान चलिरहेकै समयमा भारतमा इष्ट इन्डिया कम्पनीको नाममा अँग्रेज (बेलायती)हरुले शासन चलाउन थालेपछि उनीहरुको आँखा नेपालमा पर्‍यो । यही बीचमा नेपाल-अँग्रेज युद्ध भयो र सुगौली सन्धि गर्दै नेपालको भूभाव अहिलेको अवस्थामा खुम्चियो । त्यसपछिको केही दशक राजाले शासन गरे पनि विसं १९०३ मा जंगबहादुर राणाले राजाको सबैजसो अधिकार आफूमा ल्याएपछि १०४ वर्षसम्म राणा शासन चल्यो । २००७ देखि २०१७ सालसम्म प्रजातान्त्रिक व्यवस्था, २०१७ देखि २०४६ सालसम्म पञ्चायती व्यवस्था र २०४६ देखि २०६२ सालसम्म पुन: बहुदलीय प्रजातान्त्रिक व्यवस्थामा राजाको शासन कायम रह्यो ।

नेपालमा शाहवंशीय राजाले करिब २ सय ३८ वर्षसम्म शासन गरे । यसबीचमा राजतन्त्रले पनि निकै उतारचढावको अवस्था भोग्नुपर्‍यो । राणा शासनकालमा राजाहरु नाममात्रको शासक बनेका थिए भने त्यसपछिका विभिन्न कालखण्डमा राजाको भूमिका कहिले सक्रिय र कहिले निष्क्रिय रह्यो । विसं २०५८ जेठ १९ मा दरबार हत्याकाण्ड भयो र तत्कालीन राजा वीरेन्द्रको वंश नै नाश भयो । त्यसपछि राजा बनेका ज्ञानेन्द्र शाहले तत्कालीन अस्थिर राजनीतिको फाइदा उठाउन खोजेर आफ्नो प्रभाव देखाउन थाले । उनले बारम्बार सरकार विघटन गर्नेमात्र गरेनन्, २०६१ माघ १९ गते राजनीतिक दलहरुलाई बाइपास गरेर आफ्नै नेतृत्वमा सरकार गठन गरी प्रत्यक्ष शासन सुरु गरे । राजा ज्ञानेन्द्रको उक्त कदमबाट चिढिएका राजनीतिक दलका नेता र त्यसबेला सशस्त्र जनयुद्ध गरिरहेको माओवादीबीच सहमति भएर राजाको प्रत्यक्ष शासनविरुद्ध जनआन्दोलन घोषणा भयो । २०६२ चैत २४ गतेबाट भएको आन्दोलन चर्किंदै गएपछि राजा ज्ञानेन्द्रले प्रतिनिधिसभा पुनस्थापनाको घोषणा गर्दै प्रत्यक्ष शासनबाट अलग भए । पुनस्थापित प्रतिनिधिसभाले ऐतिहासिक घोषणा गर्दै राजाको सबै अधिकार निलम्बन गर्‍यो भने २०६५ जेठ १५ गते जननिर्वाचित संविधानसभाको पहिलो बैठकले नेपालबाट शाहवंशीय राजतन्त्र अन्त्यको घोषणा गर्‍यो ।

जनआन्दोलनको बल र तत्कालीन राजनीतिक दलका नेतृत्वको आँटबाटै राजतन्त्रको अन्त्य भएको हो । राजतन्त्रको अन्त्य भएपछि तत्कालीन राजा ज्ञानेन्द्रले नारायहिटी राजदरबार छाडेर आफ्नै निजी निवासमा बसिरहेका छन् । तर, अहिले पनि गणतन्त्रको रक्षा गर्ने चिन्ता र राजतन्त्र फेरि फर्किन्छ कि भन्ने हाउगुजीबाट राजनीतिक दल र तिनका नेतृत्व मुक्त हुन सकेका छैनन् । बेला-बेलामा पूर्वराजा ज्ञानेन्द्रका गतिविधि तथा उनका समर्थकको जोडबलका कारण राजनीतिक दल तथा नेतृत्व झस्कने गरेको छ । आइतबार पनि पूर्वराजा ज्ञानेन्द्र मन्दिर तथा गुम्बाको दर्शन र पूजाआजा गर्ने भन्दै हेटौंडा आउँदा निकै हल्लीखल्ली मच्चियो । ज्ञानेन्द्रका समर्थकहरुले उनको स्वागतका लागि बनाएको द्वारमा राजा ज्ञानेन्द्र भनेर लेखिएको ब्यानरप्रति बागमती प्रदेशका एकजना मन्त्रीले आपत्तिमात्रै जनाएनन्, उनले त्यो ब्यानर हटाउन प्रहरीलाई आदेश दिए । ब्यानर हटाउने विषयमा विवाद भएपछि ब्यानरमा राजाको अगाडि सानो अक्षरमा “पूर्व” लेखेर विवाद साम्य पारियो ।

नेपालमा राजतन्त्र अन्त्य भएपछि संविधानसभाले संघीय गणतन्त्रात्मक संविधान जारी गर्‍यो । यस क्रममा मुलुकमा ३ जना राष्ट्रपति बनिसकेका छन् भने राजतन्त्रको अस्तित्व करिब-करिब मेटिइसकेको छ । इतिहास बनिसकेका राजा र राजतन्त्रको हाउगुजीबाट राजनीतिक नेतृत्व डराउने अवस्था उनीहरुकै कारण सृजना भइरहेको छ । गणतान्त्रिक शासन व्यवस्थाले आम नेपालीलाई उत्साहित बनाउन सकेको छैन । जनताबाट निर्वाचित भएर जनतामाथि शासन गर्नेहरुले जनताको सुख-सुविधा र देशको उन्नतिमा ध्यान नदिएका कारण गणतन्त्रमाथि खतरा देख्ने र राजतन्त्रको भूतले तर्साउने गरेको मान्न सकिन्छ । गणतन्त्रको लागि संघर्ष गर्ने, गणतन्त्रमा रमाउने र गणतन्त्रको रक्षक भन्ने दल तथा नेताबाट गणतन्त्रको मूल्य-मान्यता र संस्कार अनुरुपको व्यवहार नहुँदा उनीहरुमा अनेक शंका उत्पन्न हुनु स्वभाविक बनेको छ । गणतन्त्रलाई स्थायित्व, विधिको शासन, जनताको सुविधामा ध्यान दिएर देशलाई समृद्ध बनाउने र असल राजनीतिक संस्कार नबसाल्ने हो भने राजनीतिक नेतृत्वले राजतन्त्रलाई सधैं हाउगुजी मान्नु नपर्ला भन्न सकिन्न ।

महत्वपूर्ण फोन नम्बरहरु

जिल्ला प्रशासन कार्यालय	५२०४९५	फापरबारी इलाका	६२१९८०
जिल्ला प्रहरी कन्ट्रोल	१००	चित्लाङ इलाका	६२१०००
ट्राफिक प्रहरी	१०३	वारुण यन्त्र	१०१
वडा प्रहरी	५२०२९९	बालबालिका खोजतलास केन्द्र	१०४
पशुपतिनगर इलाका	५२०५९८	बाल हेल्पलाइन	१०९८
मनहरी इलाका	९८५५०९०१६१	हेलो सरकार	११११
भीमफेदी इलाका	६९१४६२	नेपाल टेलिकम सोधपुछ	१९७
पालुङ इलाका	६२०४६७		

तपाईको राशिफल

पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

मेष : दायित्व र जिम्मेवारी बढ्ने समय योग देखिन्छ ।
वृष : धन र प्रतिष्ठाप्रति त्यति लाभकारक नहोला ।
मिथुन : कामबाट प्रतिष्ठा र मान बढ्ने समय छ ।
कर्कट : विशिष्ट व्यक्तिसँग मित्रता बढ्ने समय छ ।
सिंह : धर्मिक र सामाजिक काममा समय व्यतित ।
कन्या : लगानी र दौडधूपमा समय व्यतित होला ।
तुला : उन्नति र प्रगति बढ्ने समय योग देखिन्छ ।
वृश्चिक : श्रम र बुद्धिले काममा पूर्णता प्राप्ति होला ।
धनु : दाम्पत्य जीवनको खटपटमा कमी आउँला ।
मकर : जनकल्याण र परोपकारमा रमाइने योग छ ।
कुम्भ : बौद्धिक छलफलका काममा सरिक भइने योग छ ।
मीन : रोकिएका कामहरु बन्ने समय योग रहेको छ ।

हिजो राजाको शासन कालमा

देवप्रसाद श्रेष्ठ

पुजापाठका लागि भन्दै धार्मिकस्थल पुग्ने बहानामा पूर्वराजा ज्ञानेन्द्र शाह देश दौडाहामा छन् । बागमती प्रदेशको राजधानी हेटौंडास्थित गुम्बा र मन्दिरमा पनि पूर्वराजाले आइतबार पुजापाठ गरे । मुलुक जटिल परिस्थितिमा पुगेका बेला राजालाई देश बचाउने पात्रको रुपमा व्याख्या गर्दै जयजयकार गर्ने प्रयास पनि भइरहेको छ । मुलुकको बेथितिका बीच राजाप्रति आशा गर्नु आजका पुस्तालाई सामान्य जस्तै लाग्ला । तर, हिजो राजाको शासन काल भोगेकाहरुले बुझेको राजा र अहिलेका पुस्ताले आशा गरेको राजा बीच कुनै तादात्म्य रहँदैन ।

हिजो पञ्चायती राजाको शासनकालमा राजाको जन्मदिनमा राजालाई शुभकामना दिन मञ्चमा बोल्ने क्रममा शिक्षक माथि दमन गर्ने स्वेच्छाचारी शिक्षा अधिकारीको विरोध गर्दा मण्डलेहरुको जमातले मञ्चमै आएर हमला गरेका थिए । त्यतिबेला न्यायप्रेमी हजारौं जनताले प्रतिकार गरेका थिए । यहि निहुँमा मलाई घटुवा र सरुवा गरेको थियो । पछि विद्यार्थी, अभिभावकहरुको १८ दिनको लामो संघर्षपछि म माथिको कारबाही फिर्ता गर्‍यो ।

हाम्रा साथीहरूले कुराकानी पत्रिका चलाएका थिए । पत्रिकामा बागलुङका न्यायाधीशले भ्रष्टाचार गरेको समाचार लेख्दा सम्पादकद्वय केशव श्रेष्ठ र दीपक श्रेष्ठलाई महिनौं महिना मुद्दा चलाएर बागलुङ ओहोर-दोहोर गरायो । त्यतिबेला बागलुङ जाने मोटर बाटो थिएन । प्रेसमा रात दिन प्रहरी सेना र सुलसुलेहरुको निगरानी हुन्थ्यो । जिल्ला प्रशासन कार्यालय, प्रहरी, ब्यारेकमा थुप्रै पटक धाएर स्पष्टीकरण दिनुपरेको थियो । गाइजात्राका बेलामा समेत राजा र व्यवस्थाको बिरोधमा कुनै व्यङ्ग्य पर्‍यो कि भनेर सतर्क हुन पर्थ्यो ।

शिक्षकहरुले त व्यवस्थाको होइन हामीलाई खान पुग्नेसम्मको सुबिधा र अरु कर्मचारीसरह बुढेशकालमा सहारा माग्दा देशैभरीका शिक्षकहरुलाई जेल कोच्ने प्रहरी हिरासतमा थुन्ने गर्‍यो । विमर्श पत्रिकाका सम्पादक पदम ठकुराठीले दरबार भित्रकै मूर्ति चोरी गरेको खबर लेखेपछि एउटा आँखा र निधारै थेप्चिने गरी अंगभंग गर्‍यो । लेख्न, बोल्न माग गर्ने र निरंकुशताको विरोधमा लाग्नेहरुलाई जेल-नेल कोच्ने मात्रै होइन थुप्रैलाई बेपत्ता समेत बनायो ।

४६ सालपछि जन्मेका निरंकुश शासन कालमा जनताले खेप्नु परेका कहर नदेखेका युवायुवतीहरु गणतन्त्रमा बोल्ने, लेख्ने सुबिधा पाएर पनि शासन सत्तामा बस्नेहरुबाट सुशासन नपाएर विरोध गरिरहेका छन् । आँखा चिम्लेर राजा फर्काउन बल गरिरहेका छन् । गणतन्त्रपछि सत्तामा पुगेर अकुत सम्पत्ति कमाउनेहरुको क्रियाकलापले पनि प्रतिगामीहरुको आन्दोलनमा मलजल पुर्याइरहेको छ ।

राजा महेन्द्रले भूमिसुधार लागू गरेको अर्को साल २०२१ मा हेटौंडा आउँदा हेटौंडाको चिसापानी गर्दोइका किसानले जंगल फँडानी गरी हराभरा बनाएको १२० बिगाहा जमिन राजदरबारका १५ जना सचिव तथा कर्मचारीलाई वितरण गरी गरिब किसानलाई दमन गरी निजगढ र बडाहा फाँटको जंगलमा लखेट्यो । धेरैलाई जेल नेल ठोक्यो ।

बोल्न-लेख्न र चलफिर गर्न नपाइने समयमा देशैभरी कति दमन गर्‍यो, कति दुख दियो, त्यो त भोग्नेलाई मात्र थाहा छ । गणतन्त्रमा सत्तामा पुग्न पैसा बटुल्ने सत्तामा पुगिसकेपछि भ्रष्टाचार गर्ने । ठेकेदार पोस्ने अनेकौं काण्डै काण्ड गरि देशलाइ खोक्रो बनाउने नेताहरूका कारण गणतन्त्रलाई बदनाम गर्ने काम भैरहेको छ । गणतन्त्रको विकल्प राजतन्त्र होइन योग्य र सक्षम नेताले जनताको सेवा गर्ने उन्नत गणतन्त्र हो ।

यस्का लागि निरन्तर खबरदारी र सचेत हुनपर्छ । नेपाली जनताले नै लडेर रगत पसिना बगाएर आजसम्मको हरेक परिवर्तन ल्याएको हो ।

एआईमा नेपालको सम्भावना

शंकरमान सिंह

सन् २०२२ को ‘एआई रेडिनेस इन्डेक्स’ मा १ सय ८१ देशमध्ये नेपाल १ सय ३९ औं स्थानमा छ; जसले डिजिटल सीप र शिक्षामा रहेको खाडललाई तत्काल सम्बोधन गर्नुपर्ने आवश्यकता देखाउँछ । त्यसैले यस क्षेत्रमा पर्याप्त प्रशिक्षित जनशक्तिको आवश्यकता पर्ने, यससम्बन्धी कानुन, ऐन, नियम, विनियम, कार्यविधि, नीति, निर्देशिका आदि निर्माण गर्ने हाम्रो परम्पराअनुसार निर्माण गर्नुपर्ने बाध्यता भएकाले नेपाल तत्काल यसका लागि गम्भीरतापूर्वक तयार हुनुपर्छ ।

हुन त नेपालमा कृत्रिम बुद्धिमत्ता (एआई) को प्रयोग स्वास्थ्य सेवा, कृषि, शिक्षा र व्यापारजस्ता विभिन्न क्षेत्रमा गरिन्छ भन्ने मान्यता छ । नेपालका संस्थाहरूले दक्षता र निर्णय प्रक्रियामा सुधार गर्न डेटा विश्लेषण, भाषा प्रशोधन र स्वचालनजस्ता कार्यका लागि एआईको उपयोग गरिरहेका छन् ।

नेपालको संविधानले गोपनीयताको हकलाई मौलिक हकका रूपमा समावेश गरेको छ । गोपनीयता ऐन-२०१९ र यसका नियमहरूले नागरिकको अधिकारका रूपमा डेटाका बारेमा न्यूनतम अधिकारलाई सम्बोधन गर्ने प्रयास गर्छ । कानुनले स्वास्थ्य परीक्षण, सम्पत्ति, पारिवारिक मामिला, बायोमेट्रिक्स विवरण, औंठा छाप, राजनीतिक आबद्धता र व्यापार लेनदेनजस्ता व्यक्तिको अनुमतिबिना डेटा प्राप्त गर्न निषेध गरेको छ । यद्यपि, यी कानुनले नेपालमा कृत्रिम बुद्धिमत्ताको प्रयोगका लागि नैतिक विचारसँग सम्झौता गर्दैनन् । न त नेपालमा प्रविधिको दुरुपयोगका दोषीलाई सम्बोधन गर्न पर्याप्त कानुनी व्यवस्था छन् । छन् त साइबर कानुन ।

सरकारले यहाँ एआईको प्रयोगलाई प्रवर्द्धन गर्न विद्यमान कानुन परिमार्जन गर्न र नयाँ बनाउन आवश्यक छ । कृत्रिम बुद्धिमत्ता डेटाद्वारा सञ्चालित ‘एल्गोरिदम’ मा आधारित छ । यसमा प्रदान गरिएका सबै डेटाले व्यक्तिका बारेमा विश्लेषण सिर्जना गर्न महत्वपूर्ण भूमिका खेल्छ । यसलाई समयमै नियमन गरिएन भने ठूला कम्पनीहरूले आफ्नो फाइदाका लागि डाटा किनेर भविष्यमा व्यक्तिलाई व्यक्तिगत र संस्थागत क्षति पुर्याउने अवस्था सिर्जना हुन सक्छ । एआईले पूर्वाग्रह सिर्जना गर्न सक्छ, जसले भेदभाव र सामाजिक परिणामहरू निम्त्याउँछ । तसर्थ, नेपालमा एआईको प्रयोगलाई प्रवर्द्धन गर्दा त्यस्ता नतिजाबाट बच्न तयार रहनु र एआई नैतिकताका बारेमा सामान्य चेतना सबैमा दिनु आवश्यक छ ।

सरसरी हेर्दा, पाँच सिद्धान्त प्राविधिक परिवर्तनलाई पुनर्निर्देशित गर्न सजिलो छैन, तर यो सम्भव छ । जताततै सरकारहरूले– विशेष गरी अमेरिका र अन्य देशहरुमा, जहाँ टेक्नोलोजी सक्रिय रुपमा विकास भइरहेको छ– एआई विकासलाई मानव-विस्थापनको बाटोको सट्टा मानव-पूरकमा राख्न मद्दत गर्न निम्न पाँच चरण चाल्नुपर्छ;

सुधार व्यवसाय मोडेलहरू: एआईका प्रमुख विकासकर्ताहरुले सजिलै बिनाक्षतिपूर्ति उपभोक्ता डेटा खोस्छन् र डिजिटल विज्ञापनमा उनीहरूको निर्भरताले कुनै पनि माध्यमबाट उपभोक्ताको ध्यान खिच्न प्रोत्साहन दिन्छ । सरकारहरूले आफ्नो डेटामा सबै उपभोक्ताका लागि स्पष्ट स्वामित्व अधिकार स्थापना गर्न आवश्यक छ र डिजिटल विज्ञापनहरु कर लगाउनुपर्छ । एआई सबै मानिसका लागि सहयोगी बन्ने हो भने व्यापारिक मोडेलहरूको थप विविध दायरा सक्षम पार्नु वा अझ बढी प्रतिस्पर्धा आवश्यक छ ।

कर प्रणाली: संयुक्त राज्य अमेरिका र अन्य धेरै देशमा कर कोडले कामलाई स्वचालित बनाउन एल्गोरिदममा लगानी गर्नेहरूको तुलनामा श्रमिक भाडामा लिने फर्महरुमा भारी बोझ राख्छ । प्रोत्साहनलाई मानव-पूरक प्राविधिक छनोटहरूमा सार्नका लागि नीति निर्माताहरूले थप सममित कर संरचना सिर्जना गर्ने लक्ष्य राख्नुपर्छ, कामदार (र तालिम), श्रम, उपकरण र सफ्टवेयरमा लगानीका लागि सीमान्त करदरहरू बराबर गर्ने ।

श्रमसम्बन्धी: श्रमिकहरु एआईद्वारा गहिरो रुपमा प्रभावित हुनेछन्, यसको विकासमा तिनीहरूको आवाजको सुनुवाइ र सहभागिता हुनुपर्छ । सरकारी नीतिले कामदारलाई जोखिममा पार्न सक्ने अनुप्रयोगहरुका लागि परीक्षण नगरिएको (वा अपर्याप्त रूपमा परीक्षण गरिएको) एआईको तैनाथीमा प्रतिबन्ध लगाउनुपर्छ ।

थप मानव-पूरक अनुसन्धानका लागि कोष: मानव-पूरक एआई प्रविधिहरुमा अनुसन्धान र विकासलाई ठूलो सहयोग चाहिन्छ । सरकारले अत्यावश्यक सामाजिक क्षेत्रहरूमा सुधार गर्न मानव विशेषज्ञतासँग एआई उपकरणहरु जोड्ने प्रविधिमा प्रतिस्पर्धा र लगानीलाई बढावा दिनुपर्छ । एकपटक पर्याप्त प्रगति भएपछि सरकारले सार्वजनिक वित्त पोषित शिक्षा र स्वास्थ्य हेरचाह कार्यक्रमहरूमा अपनाउनका लागि कथित मानव-पूरक प्रविधि उपयुक्त छ कि छैन भनेर सल्लाह दिएर थप लगानीलाई प्रोत्साहन गर्न सक्छ ।

सरकारभित्र एआई विशेषज्ञता: एआईले सरकारी लगानी, नियमन र निरीक्षणको हरेक क्षेत्रलाई छुनेछ । सरकार भित्र एक सल्लाहकार एआई डिभिजनको विकासले एजेन्सी र नियामकहरुलाई अझ समयमै प्रभावकारी निर्णय लिने समर्थन गर्न मद्दत गर्न सक्छ ।

सम्भावित समष्टि आर्थिक प्रभाव: एआईले आगामी पाँच वर्षमा विश्वव्यापी जिडिपी बढाउन सक्छ, यद्यपि उत्साहीहरुले दाबी गरेजस्तो पर्याप्त छैन । यसले मध्यम अवधिमा जिडिपी वृद्धिलाई पनि मामुली रुपमा बढाउन सक्छ । हाम्रो वर्तमान प्रक्षेपणमा औद्योगिक देशहरूमा असमानता बढाउने सम्भावना छ । मध्यम आय भएका देश र धेरै कम आय भएका देशले पनि अवस्थित मार्गबाट धेरै डोर्याउनुपर्छ ।

नयाँ पुँजी- गहन प्रविधि चाँडै सबै ठाउँमा लागू हुनेछ । कुनै ग्यारेन्टी छैन कि यसको हालको मार्गमा एआईले यसले नष्ट गर्नेभन्दा बढी रोजगार सिर्जना गर्नेछ । एआईलाई थप मानव-पूरक मार्गमा रिडिरेक्ट गर्न सकिन्छ, दबाबपूर्ण सामाजिक समस्याहरू सम्बोधन गर्न प्रयोग गर्दा, ग्रहका सबै भागले फाइदा लिन सक्छन् । तर, स्वचालित दृष्टिकोण कायम रह्यो भने साझा समृद्धि हासिल गर्न झनै कठिन हुनेछ ।

वित्तीय संस्थाहरूले सन् २०२७ सम्म एआईमा आफ्नो खर्च दोब्बर बनाउने प्रक्षेपण गरेका छन्, आर्टिफिसियल इन्टेलिजेन्सका उपकरण र तिनको प्रयोग गर्ने मानिसहरु विश्वका वित्तीय संस्था तथा केन्द्रीय बैंकहरुका लागि आवश्यक पर्ने नयाँ कुरा हुन् ।

वित्तीय सेवा उद्योग टेक्नोलोजीको सबैभन्दा ठूलो लाभार्थीहरूमध्ये हुन सक्छ, जसले तिनीहरूलाई सम्पत्तिको सुरक्षा र बजारहरूको भविष्यवाणी गर्न सक्षम बनाउन सक्छ । एआईले चोरी, जालसाजी, साइबर अपराध वा लगानीकर्ताहरूले आज कल्पना गर्न नसक्ने आर्थिक संकटलाई प्रोत्साहन दियो भने यस क्षेत्रलाई सबैभन्दा बढी घाटा हुन सक्छ । अर्थशास्त्रीहरूले कृत्रिम बुद्धिमत्ता एआईको प्रभावबारे सोच्नका लागि फ्रेमवर्क विकास गरेका छन्, जसले मेसिनहरुमा मानव बुद्धिमत्ताको अनुकरण गर्छ ।

यस सन्दर्भमा हामी असमानतालाई असर गर्ने चार मुख्य च्यानलहरु हाइलाइट गर्नेछौं: प्राविधिक परिवर्तन, जसले अदक्ष कामदारको तुलनामा दक्ष जनशक्तिको उत्पादकत्व बढाउँछ । मुख्यतया दक्ष श्रमको पूरक हुने पुँजीको लागतमा कटौती, विशेष कार्यहरूका लागि पूर्ण रूपमा कामदारहरू प्रतिस्थापन गर्न मेसिनहरूको क्षमता बढेको छ । टेक्नोलोजीको परिणामस्वरुप केही फर्ममा बजार शक्तिको एकाग्रता बढ्यो । एआईको सामान्य उद्देश्य, प्रकृति र यसलाई सञ्चालनमा संलग्न जटिलताहरूलाई ध्यानमा राख्दै एआई जोखिमका विभिन्न स्रोतलाई सम्बोधन गर्न एकल शासन व्यवस्था अपर्याप्त छ ।

एआईको नियमन गर्दै निस्सन्देह एआईको विकासका लागि एक अनुकूल पारिस्थितिकीय प्रणाली सुनिश्चित गर्नका लागि सख्त आवश्यकता छ, जसले अन्ततः समग्र सामाजिक विकास र समावेशी एजेन्डा मापन गर्छ । एआईमा भर्खरका प्रवृत्तिहरूमा एआईले चौथो औद्योगिक क्रान्ति ल्याई विश्वव्यापी रूपमा बढेको छ र ध्यानाकर्षित गरेको छ ।

‘सुशासन, विकास र समृद्धिका लागि डिजिटल नेपाल’ को परिकल्पनासहितको सरकारले नेपाललाई हरेक क्षेत्रमा पाँच वर्षभित्र डिजिटल राज्य बनाउने योजनासहितको ‘डिजिटल नेपाल फ्रेमवर्क-२०१९’ कार्यक्रमलाई अनुमोदन गरेको छ । यो बिस्तारै एआई प्रयोग गरेर कार्यक्रमहरूको विकासतर्फ अघि बढिरहेको छ । नेपालको शिक्षा क्षेत्रमा एआईका फाइदा तथा चुनौती, स्पष्ट पक्षहरू, एआईका अनुकूल क्षमता हुन्, जसले विद्यार्थीलाई उनीहरूको संलग्नता र ज्ञान अवधारण बढाउन व्यक्तिगत सिकाइ अनुभवहरूलाई सक्षम बनाउँछ ।

नेपालमा पनि पछिल्लो समय आविष्कारको बानी बढ्दै गएकाले बाह्य संसारसँग तुलना गर्ने हो भने कृत्रिम बुद्धिमत्ताको प्रयोग पनि बढ्दै गएको छ । एआई नेपालमा पनि जीवनको एक हिस्सा बनिरहेको छ । एआई के हो त ? एआई शब्द पहिलो पटक जोन म्याकार्थीले सन् १९५६ मा आफ्नो अनुसन्धानको क्रममा बनाएका थिए । साधारणतया एआई भनेको मानवजस्तै बौद्धिक मेसिन हो । एआईलाई मानवको सीप र तर्क क्षमताको नक्कल गर्ने मानिन्छ, जसमा तर्क, मान्यता र प्राकृतिक भाषा पनि समावेश छ । व्यापक अर्थमा, एआईलाई कम्प्युटर विज्ञानको अध्ययन क्षेत्रका रुपमा वर्णन गरिएको छ । स्टार्ट डट आईओको रिपोर्टअनुसार नेपालमा आईफोन सक्रिय प्रयोगकर्ताको संख्या केही वर्ष अगाडि लगभग ८ लाख ७२ हजार ७ सय छ । सो संख्या हाल पाँच गुणाले वृद्धि भएको हुनुपर्छ भन्ने अनुमान छ ।

नेपाल परिवर्तनको छेउमा छ, जसले आफ्नो आर्थिक र सामाजिक भविष्य

....बाँकी पृष्ठ ३ मा

सिद्धार्थ माविको ४८ औं वार्षिकोत्सव

प्रधानाध्यापक, शिक्षक, कर्मचारी, विद्यार्थी सम्मानित

दीर्घसेवा सम्मान ग्रहण गर्नुहुँदै प्रधानाध्यापक मोहनप्रसाद शर्मा ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा-२ स्थित सिद्धार्थ माविको ४८ औं वार्षिकोत्सव ४ दिन विविध क्रियाकलापको आयोजना गरी सम्पन्न भएको छ। वार्षिकोत्सवको अवसरमा शुक्रबारदेखि विविध क्रियाकलापको आयोजना गर्दै सोमबार समापन समारोहको आयोजना गरिएको थियो । समापन समारोहमा प्रधानाध्यापक, शिक्षक, कर्मचारी, विद्यार्थीलाई सम्मान समेत गरिएको छ । यस्तै ४ दिन आयोजित विविध क्रियाकलापमा सहभागी भई पुरस्कृत शिक्षक, अभिभावक, कर्मचारीलाई पुरस्कार वितरण गरिएको थियो ।

वार्षिकोत्सवको अवसरमा विद्यालयका सहयोगी, अक्षयकोषका संस्थापकलाई पनि सम्मान गरेको थियो। विद्यालय व्यवस्थापन समितिका अध्यक्ष बलराम घिमिरेको अध्यक्षता तथा बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्री कुमारी मोक्तानको प्रमुख आतिथ्यमा समापन समारोह भएको हो। कार्यक्रममा वडा अध्यक्ष विष्णुगोपाल महर्जन, शिक्षा विकास तथा समन्वय इकाई मकवानपुरका प्रमुख दीनानाथ गौतम, राष्ट्रिय परीक्षा बोर्डका प्रमुख कृष्णप्रसाद घिमिरे, हेटौँडा उपमहानगरपालिकाको शिक्षा विकास महाशाखाका प्रमुख हरिचन्द्र सापकोटाको पनि आतिथ्य रहेको थियो । वार्षिकोत्सवको अवसरमा प्रधानाध्यापक मोहनप्रसाद शर्मालाई दीर्घसेवा सम्मान गरिएको थियो ।

समापन समारोहलाई सम्बोधन गर्नुहुँदै विद्यालयका प्रधानाध्यापक मोहनप्रसाद शर्माले विद्यार्थीमा पठन संस्कृति ह्रास हुँदै जानु चुनौतिको विषय भएको औँल्याउनुभएको छ । विद्यालयको आयश्रोत नहुनु, विद्यार्थी संख्याको अनुपातमा शिक्षक दरबन्दी प्राप्त नहुनुले विद्यालयलाई समस्या भइरहेको उहाँको भनाइ थियो । १२ कक्षासम्म पठनपाठन हुने विद्यालयमा दुई हजार २५ जना विद्यार्थी अध्ययनरत छन् । वार्षिकोत्सवको अवसरमा विद्यालयले रक्तदान कार्यक्रम, पूर्वविद्यार्थी, पूर्वशिक्षकको भेला समेत आयोजना गरेको थियो । वार्षिकोत्सवको अवसरमा विद्यार्थीले शैक्षिक प्रदर्शनी, नृत्य, गायन तथा नाट्य कला प्रस्तुत गर्नुका साथै खाना महोत्सवको समेत आयोजना गरेका थिए ।

५४ जनाको स्वास्थ्य जाँच

समाज संवाददाता

हेटौँडाः सञ्जीवनी बचत तथा ऋण सहकारी संस्था लिमिटेडको स्वास्थ्य तथा वातावरण उपसमितिको आयोजनामा भइरहेको साताव्यापी स्वास्थ्य शिविरको दोस्रो दिन ५४ जनाले जाँच गराएका छन् । हेटौंडाको पिप्लेस्थित सहकारीको कार्यालयमा भएको निःशुल्क स्वास्थ्य परीक्षणमा सोमबार ५४ जनाले स्वास्थ्य जाँच गराएको सहकारीका उपाध्यक्ष तथा कार्यक्रमका संयोजक यमबहादुर श्रेष्ठले जानकारी दिनुभयो ।

शिविरको दोस्रो दिन ३७ जना महिला र १७ जना पुरुषले रक्तचाप तथा मधुमेह जाँच गराएका हुन्। आइतबारबाट सुरु भएको शिविर माघ १३ गतेसम्म सञ्चालन हुनेछ । शिविरमा ७ दिनसम्म रक्तचाप र मधुमेहको निःशुल्क परीक्षण गरिनेछ ।

शिविरको पहिलो दिन २ सय जनाले स्वास्थ्य परीक्षण गराएका थिए। परीक्षण गराएकामध्ये लगभग एक सय जनामा मधुमेहको समस्या देखिएको थियो भने ६० जनामा रक्तचापको समस्या देखिएको थियो ।

सहकारीले ७ दिनमा एक हजार ५ सय जनाको स्वास्थ्य जाँच गर्ने लक्ष्य बनाएको छ । शिविरमा सबै जनाले सहभागिता जनाउन पाउनेछन् । सहकारीले विगतका वर्षहरुमा आँखा, पाठेघरलगायतका स्वास्थ्य शिविर आयोजना गर्दै आएको छ ।

दिव्य सेवा निकेतनमा आँखा शिविर



सांकेतिक तस्वीर

समाज संवाददाता

हेटौँडाः हेटौँडा-१५, रातोमाटेस्थित दिव्य सेवा निकेतन ज्येष्ठ नागरिक आश्रयस्थलमा आँखा शिविर भएको छ । हेटौँडा सामुदायिक आँखा अस्पतालसँगको सहकार्यमा ज्येष्ठ नागरिकहरुका लागि एकदिने आँखा शिविर आयोजना गरिएको हो ।

आश्रममा आश्रित ज्येष्ठ नागरिक र सेवाक्षेत्रका गरी ४७ जनाले आँखाको परीक्षण गरेका छन्। शिविरमा डा. पूर्णिमा गुरुङ र सहायक रोजिना गिरीले आँखा परीक्षण गर्नु भएको थियो । शिविरमा वृद्धाश्रमकी नर्स पूजा रेग्मीले सहजीकरण गर्नु भएको थियो भने शिविरमा दिव्य सेवा निकेतनका केन्द्रीय अध्यक्ष तेजराम (टिआर) निरौला, जिल्ला अध्यक्ष यादव प्रसाद गजुरेल, उपाध्यक्ष शुभलक्ष्मी वाईबा, सदस्य हर्करत्न लामाको पनि उपस्थिति रहेको थियो । शिविर दिव्य सेवा निकेतन ज्येष्ठ नागरिकस्थलको स्वास्थ्य सेवा समितिको व्यवस्थापनमा सञ्चालन भएको स्वास्थ्य सेवा समितिका अध्यक्ष राजु अधिकारीले जानकारी दिनुभएको छ ।

एआईमा नेपालको...

परिवर्तन गर्न सक्छ, यस दशकको अन्त्यअघि । विश्वको कुनै पनि देशको तुलनामा धेरै नेपालीले हरेक दिन एआईको प्रयोग गर्नेछन् । उन्नत अर्थतन्त्रका मानिसहरू देशले एआई प्रयोग गर्ने तरिकाहरू देखेर छक्क पर्नेछन् । नेपाल प्राविधिक क्रान्तिको सुरुवाती बिन्दुमा छ, जसले आफ्नो सामाजिक र आर्थिक भविष्यको मार्ग परिवर्तन गर्न सक्छ र यस क्रान्तिमा बाँकी विश्वका लागि पाठहरू हुन सक्छन् ।

इन्टरनेटको पहुँच बढ्दै गएको छ र किफायती डेटा योजनाहरूको उपलब्धतासँगै अधिकभन्दा अधिक मानिस अनलाइन छन् । यसले एआई अनुप्रयोग र सेवाहरूका लागि ठूलो प्रयोगकर्ता आधार सिर्जना गरेको छ । तर, जहाँ नेपालले अरू सबैलाई उछिनेको छ, त्यो यसको डिजिटल सार्वजनिक पूर्वाधारमा छ ।

भारत र नेपालका विभिन्न अपाङ्गता भएका नागरिक पनि विभिन्न मोबाइल एप्सबाट लाभान्वित हुने अवस्थामा छन् । गुगलले नेपाली र हिन्दीलगायत ७० भन्दा बढी भाषामा लाइभ ट्रान्सक्राइब विकल्पहरु ल्याएकाले उनीहरूले आफ्नै भाषामा कुनै खास विषयमा ज्ञान प्राप्त गर्न सक्छन् । एआई प्रयोग गरेर हामी पुस्तक स्क्यान गर्न, विश्लेषण गर्न र पाठहरूलाई सरल तरिकाले बुझ्न सक्छौं र त्यसपछि हामी विशेष पाठमा आधारित प्रश्नहरू सिर्जना गर्न आदेश थिच्न सक्छौं । विद्यार्थीहरूका लागि धेरै तरिकामा लाभदायक हुनेछ । तसर्थ, नेपाल र भारत दुवैले एआईलाई बेवास्ता गर्न सक्दैनन् ।

नेपालमा आर्टिफिसियल इन्टेलिजेन्समा नीतिगत हस्तक्षेपको अभाव छ, तर बैंक तथा स्वास्थ्य क्षेत्रमा एआई आधारित प्रविधिको प्रयोगले नेपाल प्राविधिक विकासमा धेरै पछाडि नरहेको देखाउँछ । काठमाडौंको नौलो रेस्टुरेन्ट, जहाँ खानाले प्रविधिसँग मेल खान्छ भन्ने नारामा पाँच जना रोबोट वेटर छन्, रोबोटिक्स र एआईमा विशेषज्ञ युवा इन्जिनियरहरूद्वारा स्थापित एक नेपाली कम्पनी, पालिया प्रविधिद्वारा डिजाइन र निर्माण गरिएको हो । चाखलाग्दो कुरा के छ भने यो दक्षिण एसियाकै पहिलो डिजिटलाइज्ड रोबोटिक रेस्टुरेन्ट हो । समग्रमा भन्दा एआईले नेपालको विकासमा योगदान दिन सक्छ र त्यसका लागि गृहकार्य गर्नु जरुरी भइसकेको छ ।

(स्रोतः कारोबारदैनिक)

मकवानपुर बाल विद्या सदन
हेटौँडा-१८, खड्कुले

शिक्षक आवश्यकता

यस विद्यालयका लागि तपसील बमोजिमको शिक्षक आवश्यक भएकोले योग्य, इच्छुक नेपाली नागरिकबाट यो सूचना प्रकाशित भएको मितिले ७ (सात) दिनभित्र आवेदन दिनुहुन यो सूचना प्रकाशित गरिएको छ। इमेलमार्फत वा विद्यालयमै उपस्थित भएर आवेदन दिन सकिनेछ ।

तहः पूर्वप्राथमिक
आवश्यक संख्याः १ (एक)
शैक्षिक योग्यताः दश जोड दुइ तह उत्तीर्ण ।
पारिश्रमिकः विद्यालयको नियमानुसार ।

आवश्यक कागजात
- शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि ।
- नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि ।
- अनुभवको प्रमाणपत्र ।

सम्पर्क - ९८५५०१३९७७, ९८४०५०४४४६
इमेल - mbbshtd18@gmail.com

पाकिस्तान चुनाव

लोकप्रिय इमरान र सेना समर्थित नवाजको प्रतिस्पर्धा

काठमाडौंः पाकिस्तानका पूर्वप्रधानमन्त्री इमरान खान जेलमा छन्, चुनावी प्रतिस्पर्धाबाट पनि बाहिर छन् । अर्का पूर्वप्रधानमन्त्री नवाज शरिफ लण्डनबाट स्वदेश फर्केर चुनावी अभियानमा जुटेका छन् । र, कतिपय राजनीतिक विश्लेषकहरुको दाबी छ कि अबको प्रधानमन्त्री शरिफ हुने लगभग पक्का छ । यसको फैसला ८ फेब्रुअरीमा हुने आम चुनावमा १२ करोड ८५ लाख मतदाताले गर्ने छन् ।

तर पाकिस्तानमा सत्तामा पुग्न मतदाताको भोट मात्र होइन शक्तिशाली सेनाको समर्थन पनि चाहिन्छ भन्ने मान्यता छ । सेनाले शरिफलाई सत्तामा विराजमान गराउन भरमग्दुर प्रयत्न गरिरहेको देखिन्छ । क्रिकेटरबाट नेता बनेका ७१ वर्षीय खान पनि सन् २०१८ मा अनौपचारिक रूपमा संस्थापन भनेर चिनिने सेनाको मौन समर्थनमा सत्तामा आएका थिए । आलोचकहरूले अक्सर खानलाई 'सेनाको कठपुतली' भने । तर सरकारमा रहँदा सुरक्षा क्षेत्रमा प्रमुख सुधार प्रयासमा 'हस्तक्षेप' गर्ने प्रयास गरेपछि खानको सैनिक जनरलहरूसँग मतभेद बढ्यो, अप्रिल २०२२ मा विश्वासको मत नपाएसँगै उनी प्रधानमन्त्रीबाट हट्न पुगे ।

सेनाका उच्च अधिकारीहरुलाई लागेको थियो कि प्रधानमन्त्रीबाट हटाएपछि खानको राजनीतिक करियर समाप्त हुन्छ। तर सत्ताबाट बाहिर आएसँगै सैन्य सत्ताको उनी प्रखर आलोचक बने । निर्वाचनको माग गर्दै निरन्तर प्रदर्शन गर्दै ठूलठूला भेला र सभा गरे । भीड जुटाउने अद्भूत क्षमता देखाउँदै आएका खानले सेनाप्रति नभएर नागरिकप्रति उत्तरदायी सरकार हुनुपर्ने भाषण गर्न थाले ।

पाकिस्तानमा कुल जनसंख्याको ६४ प्रतिशत ३० वर्षमुनि उमेर समूहका छन् । युवा जमात खानतिर आकर्षित भएसँगै सामाजिक सञ्जालमा उनका भाषण लाइभ गर्न प्रतिबन्ध लगाइयो । उनीमाथि गोली प्रहार भयो। उनले आफ्नो हत्या प्रयासमा आईएसआईका वरिष्ठ अधिकारी मेजर जनरल फेसल नसीरको हात रहेको दाबी गरे ।

आरोप पुष्टि गर्न उनले टिभी प्रस्तोता अर्शद शरीफको हत्या र नेता आजम खान स्वातीलाई दिएको यातनामा नसीरको संलग्नता पुष्टि गर्न प्रयास गरे । विवाद ९ मेमा उत्कर्षमा पुग्यो, जुन दिन उनी नाटकीय रुपमा गिरफ्तार भए । दंगादेखि आतंकवादसम्मका १८० भन्दा बढी आरोप लगाएर ९/११ को जेलमा कोचियो। कथित सरकारी उपहार बेचेको आरोपमा ५ अगष्टमा भ्रष्टाचार मुद्दामा दोषी ठहर भए ।

त्यसयताका महिनाहरुमा खानको पाकिस्तान ताहरिक ए-इन्साफ (पीटीआई) का हजारौं पक्राउ परेका छन् । लामो सोधपुछपछि उनको दलका दर्जनौं नेताले राजीनामा दिए, विरोधीहरुलाई सहज हुने गरी निर्वाचन क्षेत्र पुनर्संरचना गरिएको छ । त्यसका बाबजुद इमरानको लोकप्रियता कम भएन। निर्वाचनको एक महिना पहिला भएको एक सर्वेक्षणले ५७ प्रतिशत मतदाताले खानलाई रुचाएको देखाएको थियो, जबकी नवाज शरिफलाई ५२ प्रतिशतले मात्र रुचाएका छन् ।

सर्वेक्षणको नतिजा सार्वजनिक भएसँगै खानको दलबाट क्रिकेट ब्याट चुनाव चिह्न खोसिएको छ । १३ जनवरीमा पाकिस्तानको सर्वोच्च अदालतले पीटीआईको चुनाव चिह्न ब्याट नरहने फैसला गरेसँगै अब त्यस दलका उम्मेदवारहरुको चुनाव चिह्न फरक-फरक हुनेछ । साक्षरता दर करिव ६० प्रतिशत मात्र भएको पाकिस्तानको चुनाव पीटीआईका उम्मेदवारलाई सहज हुने छैन ।

स्वतन्त्र मनोनयन गर्न खोज्दा खान समर्थकको मनोनयन पत्र सुरक्षाकर्मीबाट च्यातिएका छन्। निर्वाचन अगावै व्यापक धाँधली गरेको भन्दै पीटीआईका प्रवक्ता रावफ हसनले भनेका छन्, 'खान समर्थित ९० प्रतिशतभन्दा बढीको मनोनयन पत्र षड्यन्त्रपूर्वक अस्वीकार गरिएको छ । प्रस्तावक र समर्थक अपहरित भएका छन्।'

तर इमरानले हार मानेका छैनन् । चुनाव चिह्न खोसिएपछि पनि इमरानले निर्वाचनमा उत्कृष्ट नतिजा निकाल्ने दाबी गरेका छन्। उनले भनेका छन्, 'प्लान ए र बी असफल भएपनि पार्टी पंक्तिसँग प्लान सी बाँकी छ । निर्वाचनमा हामी आश्चर्यजनक परिणाम निकाल्ने छौं ।' उनले प्लान सीबारे बताएका छैनन् । केही विश्लेषकका अनुसार अझै पनि इमरान खानलाई सेनाको एउटा हिस्साको समर्थन छ । यद्यपि उनी धेरै मोर्चामा कमजोर छन्। *स्रोतः अनलाइनखबर ।*

हेटौँडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA **तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।**

Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं।

थप जानकारीको लागि HRL

हेटौँडा रिफरेन्स ल्यावरोटरी

हेटौँडा-१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७-५२०४५७

यु-१६ विद्यालयस्तरीय टि-२० क्रिकेट माघ २० गतेबाट

प्रतियोगिताबारे जानकारी गराउनुहुँदै मकवानपुर जिल्ला क्रिकेट संघका सचिव विनोद बानियाँ ।

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्ला क्रिकेट संघको आयोजनामा यही माघ २० गतेदेखि दोस्रो संस्करणको स्व. निरज श्रेष्ठ स्मृति यु-१६ विद्यालयस्तरीय टि-२० प्रिमियर क्रिकेट प्रतियोगिता हुने भएको छ । सोमबार मकवानपुर क्रिकेट संघले पत्रकार सम्मेलनको आयोजना गर्दै प्रतियोगिता बारे जानकारी गराएको छ । प्रतियोगिता हेटौँडा-४ स्थित हुप्रचौरमा हुनेछ ।

प्रतियोगिता लिग कम नकआउटको आधारमा सञ्चालन हुनेछ। प्रतियोगितामा बढीमा १६ वटा विद्यालय सहभागी हुने मकवानपुर जिल्ला क्रिकेट संघका सचिव विनोद कुमार बानियाँले जानकारी दिनुभएको छ। मकवानपुर जिल्ला क्रिकेट टिमका पूर्व कप्तान निरज श्रेष्ठको सम्झनामा गत वर्षदेखि प्रतियोगिताको आयोजना गर्न लागिएको मकवानपुर जिल्ला क्रिकेट संघका अध्यक्ष करन महत्रा क्षेत्रीले बताउनुभयो ।

आउँदो चैत महिनामा हुने क्रिकेट प्रतियोगितामा १६ वर्ष उमेर समुहका खेलाडीहरु छनोट गर्नका लागि पनि प्रतियोगिताको आयोजना गर्न लागेको अध्यक्ष क्षेत्रीले बताउनुभयो । विद्यालयस्तरीय प्रतियोगितामा सहभागी हुने खेलाडीहरु मध्ये पहिलो चरणमा उत्कृष्ट २२ जना छनोट गरेर प्रशिक्षण दिने उहाँले बताउनुभयो। प्रतियोगिताको उपाधि विजेता र उपविजेताले प्राप्त गर्ने नगद राशीबारे पछि निर्णय गरिने संघका सचिव विनोद बानियाले बताउनुभयो ।

प्रतियोगिता आयोजनाका लागि ५ लाख ५० हजार रुपैयाँ खर्च हुने अनुमान गरिएको छ। प्रतियोगिताको खेल तालिका अर्को सातासम्ममा सार्वजनिक गरिने जनाएको छ । पहिलो संस्करणको प्रतियोगिताको उपाधि हेटौँडा-४ स्थित भुटनदेवी माध्यमिक विद्यालयले जितेको थियो भने उपविजेता हेटौँडा-१० स्थित सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी बनेको थियो । गत वर्ष ८ वटा निजी विद्यालय र ४ वटा सामुदायिक विद्यालय गरी १२ वटा विद्यालयको सहभागिता रहेको थियो ।

मकवानपुर गोल्डकपको तयारी अन्तिम चरणमा

छैठौं संस्करणको मकावनपुर गोल्ड प्रतियोगिताको लागि गौरीटार रंगशालालाई व्यवस्थापन गरिँदै ।

समाज संवाददाता

हेटौंडाः मकवानपुर जिल्ला फुटबल संघले आयोजना गर्न लागेको छैठौँ संस्करणको मकवानपुर गोल्डकपको तयारी अन्तिम चरणमा पुगेको छ । यही माघ १६ गतेदेखि २७ गतेसम्म हुन लागेको गोल्डकपको तयारी अन्तिम चरणमा पुगेको हो।

प्रतियोगिता आयोजनाका लागि चौरको सरसफाई, चौरमा बार लगाउने, दुबो उमार्ने, घेरा लगाउने, मञ्च तयार पार्नेलगायतको कार्यहरु भइरहेको छ । माघ १० गतेभित्र सम्पूर्ण तयारीका कार्यहरु सम्पन्न हुने आयोजक समितिले जनाएको छ ।

यस अघि हेटौंडा-५ स्थित पिप्ले क्याम्पा रंगशालामा भएको प्रतियोगिता यो वर्ष हेटौंडा-६, हटियास्थित गौरीटार रंगशालामा हुन लागेको न्यु डाँफे युथ क्लबका अध्यक्ष आलोक स्ताङ्तानले बताउनुभएको छ । छैठौँ संस्करणको प्रतियोगिता तयारीका लागि चौर व्यवस्थापनलगायतको जिम्मेवारी न्यु डाँफे युथ क्लबलाई दिएको अध्यक्ष तथा व्यस्थापनका मुख्य संयोजक आलोक स्याङ्तानले बताउनुभयो ।

निर्माणाधीन अवस्थामा रहेको गौरीटार रंगशालालाई विभिन्न ठाउँहरुबाट आउने दर्शकहरुमाझ प्रख्यात बनाउन, २२ बिगाहा जमिनमा फैलिएको ठूलो चौर भएकोले छैठौं संस्करणको प्रतियोगिताको आयोजना गौरीटार रंगशालामा गर्न लागेको व्यवस्थापन संयोजक स्याङ्तानले बताउनुभयो।

विस २०६५ सालमा रंगशालामा निर्माण भएको पर्खालमा केही कमजोरी भए तापनि कमजोरीलाई व्यवस्थापन गर्ने काम भइरहेको र संरक्षणका लागि डाँफे क्लबका खेलाडी, कराँतेका टिमहरु र ३० जना स्वयम्सेवकहरु सुरक्षाका लागि परिचालन गरेको उहाँले बताउनुभयो । प्रतियोगिता सञ्चालनको क्रममा हुने विभिन्न झै-झगडा, विवाद सिर्जनालगायतका कार्यहरुलाई न्यूनीकरण गर्ने उद्देश्यले जिल्ला प्रशासन कार्यालय मकवानपुरमा निवेदन दिएको उहाँले बताउनुभयो । १२ वटा टिम सहभागी हुने प्रतियोगिताको खेल तालिका छिट्टै सार्वजनिक गरिने उहाँले बताउनुभयो ।

प्रतियोगिताको उपाधि विजेता टिमले १५ लाख रुपैयाँ, उपविजेता टिमले १० लाख रुपैयाँसहित शिल्ड, मेडल तथा प्रमाणपत्र प्राप्त गर्नेछन् भने प्रतियोगिताका सर्वोकृष्ट खेलाडीका लागि हेटौंडा-४ का व्यवसायी सन्तोष गौतमले ३ सय ५० सीसीको रोयल इन्फिल्ड बाइक प्रायोजन गर्नुभएको छ ।

यस्तै, अन्य विधागत उत्कृष्ट खेलाडीले २५-२५ हजार रुपैयाँ र म्यान अफ द म्याच हुने खेलाडीहरुले १० हजार रुपैयाँ प्राप्त गर्नेछन् । यस वर्षको प्रतियोगिताको समापन कार्यक्रममा एकजना उत्कृष्ट पत्रकारलाई ५० हजार रुपैयाँ नगद राशीसहित सम्मान गरिने जनाइएको छ । करिब १ करोड ६० लाख रुपैयाँ खर्च हुने अनुमान गरिएको प्रतियोगिताका लागि प्रवेश शुल्क १ सय रुपैयाँ तोकिएको छ भने सेमिफाइनल र फाइनल खेलमा टिकटको रकम बढाउने जनाइएको छ। गत वर्षको प्रतियोगिताको उपाधि मनाङ मर्स्याङ्दीले जितेको थियो । फाइनल खेलमा हिमालयन शेर्पा क्लबलाई १-० गोलअन्तरले हराउँदै मनाङ मर्स्याङ्दीले उपाधि जितेको थियो ।

२५ हजार नगदसहित सिद्धार्थ माविकी शिक्षक सम्मानित

उत्कृष्ट शिक्षकको रुपमा संगीता कुमारी पुडासैनीलाई सम्मान गरिँदै ।

समाज संवाददाता

हेटौँडाः हेटौँडा-२ स्थित सिद्धार्थ माविकी शिक्षक संगीता कुमारी पुडासैनीले गोकुल-बागेश्वरी सम्मान प्राप्त गर्नुभएको छ । विद्यालयको ४८ औं वार्षिकोत्सवको अवसरमा आयोजित समारोहमा सोमबार नगद २५ हजार रुपैयाँसहित दोसल्ला ओढाएर पुडासैनीलाई सम्मानपत्र प्रदान गरिएको छ।

बागमती प्रदेश सरकारको सामाजिक विकास मन्त्री कुमारी मोक्तानले पुडासैनीलाई दोसल्ला ओढाएर सम्मानपत्र प्रदान गर्नुभयो। हेटौँडा-५ निवासी पुडासैनी मावि तहको गणित विषयको शिक्षक हुनुहुन्छ । २०७१ सालमा स्थायी नियुक्ति प्राप्त गरेदेखि सिद्धार्थ माविमै कार्यरत हुनुहुन्छ। गोकुल-बागेश्वरी सम्मान प्राप्त गर्ने पुडासैनी पहिलो शिक्षक हुनुहुन्छ ।

सिद्धार्थ माविका पूर्व प्रधानाध्यापक गोकुललाल श्रेष्ठले सम्मानका लागि अक्षयकोष स्थापना गर्नुभएको हो । अक्षयकोषमा ३ लाख रुपैयाँ रहेको सिद्धार्थ माविका प्रधानाध्यापक मोहनप्रसाद शर्माले जानकारी दिनुभएको छ। पूर्वप्रधानाध्यापक श्रेष्ठले अक्षयकोषमा पाँच लाख रुपैयाँ पुर्याएर हरेक बर्ष उत्कृष्ट शिक्षकलाई ५० हजार रुपैयाँ नगदसहित सम्मान गर्ने बताउनुभएको छ । श्रेष्ठले आफू र आफ्नो श्रीमतिको नाममा गोकुल-बागेश्वरी सम्मान प्रदान गर्न अक्षयकोष स्थापना गर्नुभएको हो ।

आकर्षक राशीसहितको सम्मानले शिक्षकबीच राम्रो काम गर्ने प्रतिस्पर्धाको भावना बढाएको प्रधानाध्यापक शर्माले बताउनुभएको छ । अक्षयकोषको खाता विद्यालय प्रधानाध्यापक र अक्षकोषका संस्थापक गोकुललाल श्रेष्ठको संयुक्त हस्ताक्षरमा सञ्चालन हुने व्यवस्था गरिएको छ । गोकुललाल श्रेष्ठ २०६६ सालमा सेवानिवृत्त हुनुभएको हो। यस्तै विद्यालयले वार्षिकोत्सवको अवसरमा शिक्षक अम्बिका प्याकुरेललाई नगद ५ हजार रुपैयाँसहित पुरस्कृत गरेको छ भने कर्मचारी शोभा श्रेष्ठलाई नगद तीन हजार रुपैयाँसहित पुरस्कृत गरिएको छ। विद्यालयले शैक्षिक उपलब्धीका आधारमा शिक्षकलाई विषयगत आधारमा पनि पुरस्कृत गरेको छ ।

विद्यार्थीलाई न्यानोकपडा वितरण

विद्यार्थीलाई न्यानो कपडा वितरण गर्नुहुँदै क्लबका अध्यक्ष रोशन खनाल ।

समाज संवाददाता

हेटौँडाः मकवानपुर जिल्लाको मकवानपुरगढी गाउँपालिका-३, देवीडाँडास्थित सरस्वती आधारभूत विद्यालयका ७० जना विद्यार्थीलाई न्यानो कपडा वितरण गरिएको छ । यस्तै शिक्षकलाई डायरी र पेन हस्तान्तरण गरिएको छ ।

हेटौँडा बजार लायन्स क्लबको अग्रसरता, क्लबका अध्यक्ष रोशन खनालको प्रायोजनमा सोमबार न्यानो कपडा वितरण गरिएको हो। वडाअध्यक्ष भागवत घिमिरेले सहयोगका लागि आग्रह गर्नुभएपछि लायन्स क्लबले सहयोगका लागि आवश्यक पहल गरेको हो। क्लबका अध्यक्ष खनालसहित पूर्वअध्यक्षहरु, क्लबका पदाधिकारी तथा सदस्यहरुको उपस्थितिमा न्यानोकपडा वितरण गरिएको छ ।

लागुऔषध गाँजासहित २ जना पक्राउ

समाज संवाददाता

हेटौँडाः मकवानपुरको थाहा नगरपालिका-८, दामगडेबाट प्रहरीले लागुऔषध गाँजासहित २ जनालाई पक्राउ गरेको छ। पक्राउ पर्नेमा रसुवा जिल्लाको पार्वतीकुण्ड गाउँपालिका-५ घर भई हाल थाहा नगरपालिका-९, नारायणहिटी बस्ने २७ वर्षीय प्रभात घले र थाहा नगरपालिका-३ दमकी घर भई हाल थाहा नगरपालिका-६ बज्रबाराही बस्ने ३२ वर्षीय रण बहादुर थिङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

विशेष सुचनाको आधारमा ईलाका प्रहरी कार्यालय पालुङबाट खटिएको प्रहरी टोलिले भित्री सडक खण्डमा गल्छीबाट पालुङ जाँदै गरेको बा १५ च ३९२९ नम्बरको बोलेरोलाई सुरक्षाजाँच गर्दा बोलेरोमा लुकाई ल्याएको लागुऔषध गाँजा ५० किलो बरामद गरेको थियो । लागुऔषध गाँजासहित दुवै जनालाई नियन्त्रणमा लिई अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

काभ्रे र चितवनमा २ जनाको मृत्यु

समाज संवाददाता

हेटौंडाः काभ्रेपलाञ्चोक र चितवन २ जनाको मृत्यु भएको छ । बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाका अनुसार काभ्रेपलाञ्चोक जिल्लाको देउराली गाउँपालिका-१, सानुबाङ थलीमा बाटोमा लड्दा एक जनाको मृत्यु भएको हो । मृत्यु हुनेमा ५५ वर्षीय चन्द्र बहादुर तामाङ रहेको प्रहरीले जानकारी दिएको छ ।

आइतबार बेलुका ७ बजेर ३० मिनेटको समयमा तामाङ जङ्गलबाट दाउरा लिई घर फर्कने क्रममा बाटोमा लडी गम्भीर घाईते भएका थिए । घाईले तामाङलाई उपचारका लागि धुलिखेल अस्पताल लगिएकोमा उपचारको क्रममा राती ११ बजेर ४८ मिनेटको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ । यस्तै, चितवन जिल्लाको भरतपुर महानगरपालिका-१, स्थित देवघाट धर्मशालामा बस्दै आएका नामथर नखुलेको अन्दाजी ७० वर्षीय वृद्ध मृत फेला परेको प्रहरीले जानकारी दिएको छ। वृद्ध आइतबार बिहान ७ बजेर ४० मिनेटको समयमा धर्मशालामा मृत अवस्थामा फेला परेका प्रहरीले जानकारी दिएको छ ।

बागमती प्रदेशले मागयो १११३ कार्मचारी

समाज संवाददाता

हेटौंडाः बागमती प्रदेश लोकसेवा आयोगले एकै पटकमा ठूलो संख्यामा कर्मचारी माग गरेको छ । प्रदेश सरकार का मन्त्रालय र प्रदेशका स्थानीय तहका विभिन्न सेवा र समूहमा गरी १३१ पदको लागि एक हजार ११३ जना कार्मचारी माग गरिएको हो । बागमती प्रदेशका मन्त्रालयमा ६ सय ९४ र स्थानीय तहका विभिन्न सेवा समूहका लागि ४ सय १९ जना अप्राविधिक, प्राविधिक र स्वास्थ्य सेवातर्फका पाँचौं तहका खुला तथा समावेशी तर्फको विज्ञापन प्रकाशन गरिएको आयोगका सूचना अधिकारी राजुराज आर्यलले जानकारी दिनुभयो । प्रदेश सरकारले एकै पटक ठूलो संख्यामा कर्मचारी माग गरेको हो । दरखास्त बुझाउने अन्तिम मिति माघ २८ गते रहेको छ ।

BUDDHA
Bar & Restaurant
HAADI
BIRYANI
RS. 399
MANY MORE FOODS TO KILL YOUR HUNGER
Hetauda-4, School Road
buddha bar & restaurant
For Delivery
9802923576

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ